# लेखक/सम्पादक परिचय

**जगन्नाथ अधिकारी**ले भूगोलशास्त्रमा विद्यावारिधि गर्नुभएको छ । उहाँले कृषि तथा ग्रामीण विकास, समाजशास्त्र र वातावरण संरक्षणसम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान गर्नुभएको छ । नेपालको ग्रामीण समाज तथा अर्थतन्त्र, शहरीकरण, खाद्य-सुरक्षा र वातावरणीय न्यायसम्बन्धी उहाँका लेख तथा पुस्तक प्रकाशित छन् । *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन* र *पोखराः बायोग्रफी अफ अ टाउन* उहाँको सम्पादन/सहलेखनमा हालै प्रकाशित पुस्तक हुन् ।

वनस्पतिशास्त्रमा स्नातकोत्तर गर्नु भएका **शरद घिमिरे** वातावरणीय न्यायका अनुसन्धाता हुनुहुन्छ । उहाँको सह-सम्पादनमा *वातावरणीय न्याय शब्दावली* र *अ बिब्लियोग्रफी अन एनभारन्मेन्टल जस्टिस इन नेपाल* पुस्तक प्रकाशित छन् ।

**शेखर पराजुली**ले तथ्याङ्कशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । क्षेत्रीय मिडिया, एफएम रेडियोलगायत मिडियाका विभिन्न पक्षबारे उहाँका लेखहरू प्रकाशित छन् । उहाँको सह-सम्पादनमा *नेपाली मिडियामा दलित तथा जनजाति* र *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* प्रकाशित छन् ।

**भास्कर गौतम** मार्टिन चौतारीसँग संलग्न अनुसन्धाता हुनुहुन्छ । उहाँका क्षेत्रीय मिडिया, एफएम रेडियो, चन्दागुठी र स्वयंसेवासम्बन्धी लेख प्रकाशित छन् । उहाँको सह-सम्पादनमा *छापामा जनजाति* पुस्तक प्रकाशित छ ।

**अवना वन्त**ले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । उहाँले महिलाहरूको अनौपचारिक शिक्षा र एचआइभी/एड्सबारे शोध गर्नुभएको छ ।

तथ्याङ्कशास्त्र/समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका **रमेश पराजुली** अनुसन्धाता हुनुहुन्छ । उहाँको सह-सम्पादनमा *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण* पुस्तक प्रकाशित छ ।

**प्रत्यूष वन्तले** इतिहासमा विद्यावारिधि गर्नुभएको छ । उहाँको सम्पादन/सह-सम्पादनमा *छापामा महिला*, *नेपाली मिडियामा दलित तथा जनजाति*, *छापामा दलित*, *छापामा जनजाति*, *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण*, *स्थानीय रेडियो*, *क्षेत्रीय मिडिया*, र *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* प्रकाशित छन् ।